# केयर मार्टस इन्टरनेशनल प्रा. लि.

चावहिल-७, काठमाडौं

User ID

## वितरक आवेदन फाराम

वस्तुको प्रत्यक्ष विक्री व्यवस्थापन तथा नियमन गर्ने ऐन २०७४, नियमावली २०७६, निर्देशिका २०७८को निति नियम शर्त तथा बन्देज र वितरक/विक्रेताको आचार-सहिता अन्तर्गत रही वस्तुको प्रत्यक्ष वितरक/विक्रेता बनी कार्य गर्न गराउन इच्छा भएको हुनले निवेदन गर्दछु ।

१. Demostration Details (Sponsor)

क) Name

ख) User ID

२. Placement Details:

क) Name

ख) User ID

३. Application Name IN BLOCK LETTER

निवेदक व्यक्तिको नाम

क. Date of Birth जन्म मिति

Genter लिङ्ग

ख. Citizenship No नागरिकता नं.

क. Iesued by District जारी गरिएको जिल्ला

वितरको मोवाइल नं.

ख. E-mail

४. Distributor's Address (वितरकको ठेगाना) :

क) स्थायी जिल्ला:

गा.पा/न.पा

वार्ड नं.:

गाउँ/टोलको नाम:

घर नं.

ख) अस्थायी जिल्ला:

गा.पा/न.पा

वार्ड नं.:

गाउँ/टोलको नाम:

घर नं.

५. Bank Details (बैक विवरण)

Account Holder Name:

Account Number:

पान नं.

Name of Bank :

Account Type :

Branch

६. Nominee Details:

Name :

Relation

7) Declaration स्वो:घोषणा):

मैले/हामीले केयर मार्टस् इन्टरनेशनल प्राइभेट लिमिटेडको निम्न बामोजिमको शर्त बन्देजहरु निति तथा कार्यविधीहरु, आचर संहिता तथा व्यावसायिक कार्ययोजनाहरु राम्रोसँग पढी, स्पष्ट रुपमा बुझी स्वीकार गरेको कुरा घोषण गर्दछु/गर्दछौं । साथै यसमा उल्लेखित सम्पूर्ण जानकारीहरु सही सत्य छन् भन्ने कुरा प्रमाणित गर्दछु/गर्दछौं ।मैले/हामीले आफ्नै खर्चमा मालसामानहरु खरिद गरी मेरो/हाम्रो आफ्नो व्यवसाय संचालन गर्दछु/गर्दछौं ।

औठा छाप

| दायाँ | बायाँ |
|---|---|
| | |

.......................................

निवेदकको दस्तखत

.............................

Sponsor Sign

आचचर संहिता र शर्त बन्देजहरु:

१. केयरमार्टस् इन्टरनेशनल प्रा. लि.को वितरक भएको हुनाले मैले निम्न उल्लेखित आचार संहिताहरुको पूर्ण पालना गरी केयर मार्टस् व्यवसाय सञ्चाल गर्न मञ्जुर गर्दछु । म एक बस्तुको प्रत्यक्ष बिक्री गर्ने बिक्रेता भएको हुनाले म यस सम्झौताका सम्बन्धमा हरेक समय स्वतन्त्र र स्वरोजगारमा संलग्न व्यवसायी हुँ, मैले कहिल्यै पनि कम्पनीको कर्मचारीको रुपमा कुनै दावी गर्ने छैन र मैले कुनै पनि कुरामा कम्पनीको प्रतिनिधित्व गर्ने छैन र कम्पनीको कर्मचारीहरुलाई प्रदान गरिने सुविधाको दाबि गर्ने छैन भन्ने कुराको सुनिस्वितता प्रदान गरेको छु । यसमा उललेखित शर्त बन्देजहरुलाई कम्पनीले समय समयमा परिवर्तन वा संशोधन गरेको खण्डमा त्यसरी संशोधित शर्त बन्देजहरुलाई पालना गर्न मेरो मञ्जुरी रहेको घोषण गर्दछु । दर्ताको लागि पेश गरेको यो निवेदनलाई आफ्नोपूर्ण स्वविवेकमा सोको कुनै कारण नखुलाईकन नै अस्विकार गर्ने अधिकार कम्पनिमा निहित रहेको कुरा मलाई स्विकार्य छ ।

२. मसँग यस प्रस्ताव पत्रमा प्रवेश गर्ने कानूनी क्षमता रहेकोछ र त्यसो गर्दा म/हामी जानाजानी कुनै पनि कानूनको उल्लघन गर्ने छैन वा मेरो तर्फबाट कुनै पनि सम्झौता बमोजिमको आफ्नो जिम्मेवारीलाई उल्लघनगर्ने छैन मेरो उमेर १८ वर्ष पूरा भएको छ र नेपालको प्रचलित कानून अनुसार यो सम्झौता स्वीकार गर्न कानूनी रुपमा सक्षम छु भनी पुष्टि गर्दछु। कम्पनीको छवि वा प्रतिष्ठानलाई क्षति पुऱ्याउन वा बदनाम गर्न निषेध गरिएको छ भन्ने कुरा मलाई जानकारी छ ।म केयर मार्टस्को वितरकको रुपमा जिम्मेदारहरुका लागि राम्रो उदाहरणहरु स्थापित गर्नेछु र मेरो व्यापार साझेदारको कार्यकर्ता र असल नेता बन्नेछु ।

३. म IBD (प्रत्यक्ष बिक्रेता/वितरक) को रुपमा यस सम्झौताको सम्बन्धमा सधै एक स्वतन्त्र, स्व रोजगार उद्यमी हुनेछु र बजारमा कम्पनीको प्रणाली, उत्पादन लाभ र व्यापार नीतिलाई बढाईचढाई गरी प्रस्तुत गर्नेछैन कम्पनीको ख्याती र प्रतिष्ठानमा आँच आउने गरी बदनाम गर्न बन्देज गरिएको कुरा मैले बुझेको छु । म कम्पनीको कुनै प्रकारको बदनाम गर्ने कार्य हामी नगर्ने घोषणा गर्दछु ।

४. निवेदकहरुले यसमा उल्लेखित सम्पूर्ण प्रावधान शर्त तथा बन्देजहरु आचार संहिता निति तथा कार्यविधिहरुलाई बुझेको छु/छौं भनी घोषणा गर्दछु/गर्दछौं । केयर मार्टस्को डिष्ट्रिव्युटरको रुपमा मैले सम्पूर्ण सह-डिष्ट्रिव्युटर/व्यवसायिक साझेदारहरुलाई निजहरुको व्यवसायलाई सशक्त बनाउनको लागि उनीहरुलाई तालिमदिन सेमिनारहरुमा भाग लिनको लागि उत्प्रेरित गर्ने मेरो जिम्मेवारी हुनेछ । मैले मेरो समूह वा कम्पनीका एक वर्षमा कम्तिमा चौबिस सेमिनार/बैठक तालिमहरुमा सहभागि हुनेछु । म, हामी तालिम लिने दिने सहयोग गर्ने हाम्रो कर्तव्य र जिम्मेवारी ठानेकोछु/छौं ।

५. म आफैले कुनु पन वस्तुको दावी गर्ने र कम्पनीबाट भएका आधिकारिक प्रकाशनहरुलाई जानकारी गराउनेछु। मैले कम्पनीबाट पूर्व लिखित स्वीकृति प्राप्त गरेर मात्र कुनै पनि विज्ञापनको लागि कम्पनीको ट्रेड नाम, ट्रेडमार्क वा सेवा चिन्ह प्रयोग गर्नेछु ।

६. म यस व्यवसायिक अवसरबाट प्रप्त कमाईको सँभावना गलत रुपमा प्रस्तुत गर्ने छैन र सधै पारदर्शी रुपमा यसका लिखत र तथ्यहरुलाई सँधै पारदर्शीरुपमा प्रस्तुत गर्नेछु ।

७ अन्य सम्भावित उपभोक्ताहरुलाई उनीहरुको व्यवसायिक अवसरहरुको वारेमा जानकारी गराउँदा मैले केयर मार्टसले प्रकाशन र प्रेसित गरी स्विकृत गरेको निय अनुसार केयर मार्टस्का उत्पादन र व्यवसायका सम्बन्धमा पूर्ण इमान्दारी पूर्वक काम गर्नेछु ।

८. मैले उत्पादनहरु उपभोग गर्ने र/वा खुद्रा बिक्री गर्ने र /वा उत्पादनहरु अन्य व्यक्तिहरुलाई त्यसै गर्नको लागि परिचय गराउने निर्णय गर्ने पूर्ण स्वतन्त्रता छ भन्ने कुरा मैले पूर्ण रुपमा बुझेको छु ।

९. उत्पादनहरु खुद्रा बिक्री गरेर र अरुलाई त्यसै गर्न मद्दत गरेर कमिसनहरु, बोनस र अवार्डस कमाउन सकिन्छ भन्ने कुरा बुझेकोछु ।

१०. मैले कुनै पनि व्यक्तिगत उपभोक्त वा सम्भाव्यताको विश्वासको दुरुपयोग गर्ने छैन र व्यावसायिक अनुभवको अनुपस्थितिलाई सम्मन गर्नेछौं र उपभोक्ताहरुको उमेर बिरामी वा समयको कमी वा ज्ञानको पाइदा उठाई कसैलाई आर्थिक शोषण गर्ने छैन ।

११ मैले कुनै पनि भ्रामक कुराहरु प्रस्तुत नगरी कुनै पनि बैठक/प्रस्तुतिको उद्देश्य पारदर्शी रुपमा प्रस्तुत गर्नेछु र कुनै पनि धोखा बिना उत्पादन र सेवाहरुको साथ कम्पनीको पहिचान/परिचय गर्नेछु म सँधै कम्पनीबाट प्रशिक्षित र अधिकृतको रुपमा प्रतिबद्ध भई कम्पनी कोबारेमा जानकारी गराउनेछु र सम्भावित ग्राहकहरुलाई उत्पादन र सेवाहरुको कुनै पनि अनाधिकृत जानकारी वा कुनै प्रतिस्पर्धात्मक लाभ दिने कुरामा कहिल्यै झुक्याउने काम गर्ने छैन ।

१२. म कुनै पनि अन्य प्रत्यक्ष बिक्रीको कारेबार गर्ने कम्पनीहरुसंग काम गर्नेछैन । म मेरा अन्य वितरकहरु र अन्य कम्पनीका वितरकहरुलाई कुनै सहयोग नगर्ने उनीहरुको पैसा रोक्ने उनीहरुको परिचयपत्र लिने गरीकुनै अनैतिक आचरण गर्ने छैन र यदि मैले मेरो काम गर्ने क्रममा गलत काम गरेको वा मातहतका डिष्ट्रिव्युटरहरु प्रति अनैतिक कम्पनीले तोकेको भन्दा विपरित भेदभावपूर्ण व्यवहार गरी दोषी पाइएमा कम्पनीले कानूनी कारबाही गर्न सक्नेछ । यदि कम्पनी समक्ष मेरो विरुद्ध, मेरो सह-वितरक वा अन्य वितरकहरुबाट निरन्तर उजुरीहरु प्राप्त गर्छ भने कम्पनीले केयर मार्टस् इन्टरनेशनल प्रा.लि.ले मैले गरेको गलत कामको विरुद्धमा उचित कारवाहि गरेमा मेरो मञ्जुरी रहेको छ । यदि मैले कुनै अन्य प्रत्यक्ष बिक्री गर्ने कम्पनी वा अरुको कम्पनीका उत्पादनहरु र बजारमा पिरामिड योजना बिट कोइन क्रिष्टो करेन्सी पैसा लगानीयोजना पोन्जी गेम आदि जस्ताव्यवसायिक योजनाहरु बिक्री गरेमा मलाई कानून बमोजिम कारबाहि गरी मेरो वितरक परिचयपत्र समाप्त गर्न सहमत छु ।

१३. मैले मेरो व्यवसाय र गतिविधिहरु इमानदारीसाथ खुला, पारदसी र जिम्मेवारीपूर्वक प्रत्यक्ष बिक्री उद्योगलाई नयाँ उचाइहरुमा पुराउनेगरी सञ्चाल गर्नेछु ।मैले प्रत्यक्ष वा अप्रत्य रुपमा कुनै अन्य संस्था ब्रान्ड वा उत्पादनलाई अनुचित रुपमा बदनाम गर्ने छैन । अन्य समुदाय/समूहका वितरकहरुलाई उनीहरुको समुदाय लाइनमा सहभागि हुन वा अन्य MLM/ डायरेक्ट केलिंग कम्पनीहरुमा सामेल हुन प्रोत्साहित गर्ने छैन ।

१४. गैरकानुनी गतिविधिहरु सञ्चालन गर्न अन्य प्रत्यक्ष बिक्रेताको सामुदायिक लाइनहरु वा अन्य प्रोयोगकर्ताहरुको खातामा अनाधिकृत पहुँच प्राप्त गर्न पाईने छैन ।

१५ गलत/असत्य वितरण जानकारी प्रतिवेदन दिन पाउनेछैन ।

१६. मैले कुनै पनि अन्य समूहको आफ्नै रक्त समूह सम्बन्धमा बहु खाता/वितरक वा प्रयोगकर्ता खाता प्रक्रिया गर्न पाउनेछैन ।

१७ उल्लेखित कुनै नियम वा शर्त बन्देजहरुको उल्लङ्घन गरेको पाइएमा मेरो प्रयोगकर्ता परिचयपत्र वा सदस्यता कुनै सूचना बिना खारेज हुनेछ र मैले सो वापत प्राप्त गर्ने आय वा लाभांश शुन्य वा शुन्यकरणीय हुनेछ ।

१८ म कुनै अन्य संस्था त्यस्ता संस्थाका ब्रान्ड, बजार योजना वा उत्पादनलाई प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा अनुचित बदनाम गर्ने छैन ।

१९. मैले कुनै पनि उत्पादन उपर आफ्नो व्याक्तिगत दावी गर्ने छैन र कम्पनीद्वारा आधिकारिक प्रकाशनहरुबाट जानकारी गराउनेछु ।कुनै पनि विज्ञापनको लागि कम्पनीको ट्रेडमार्क वा सेवा चिन्ह प्रयोग गर्दा मैले कम्पनीबाट पूर्व लिखित स्वीकृति लिनेछु ।

२० व्यक्त वा अव्यक्तरुपमा वितरकहरुलाई तिनीहरुको कुनै पनि र सबै मार्केटिङ सामाग्रीहरुमा चिकित्सा उपचारात्मक वा उपचारको दावीहरु गर्न निषेध गरिएको छ साथै CMI उत्पादनहरुले कुनै पनि चिकित्सा अवस्था रोग वा विकृतिलाई कम गर्न निको पार्न निदान गर्न रोक्न राहत वा उपचार गर्न सक्छ भनी स्वास्थ्य वा चिकित्सा दाविहरुको रुपमा मानिने कुनै पनि विवरणहरु प्रचार गर्न निषेध गरिएको छ ।

२१. वितरकलाई केयर मार्ट्स इन्टरनेशनल प्रा.लि.को बिजनेस मार्केटिङ प्लानमा एउटा मात्र आइडी राख्ने अधिकार हुनेछ। म यो व्यवसायमा मेरो/हाम्रो रगतको सम्बन्धको अर्को समुहमा मल्टी.आईडी लिने छैन । दोहोरो बिक्री वितरणको साथ फेला परेका सदस्यहरुलाई कडारुपमा निषेध गरिएको छ र डिष्ट्रिव्युटरसिपको समाप्तिको विषय हुनेछ । श्रीमान/श्रीमती भन्दा

# केयर मार्टस इन्टरनेशनल प्राइभेट लिमिटेड र विक्रेता/वितरक वीच भएको सम्झौता

लिखितम नेपाल सरकार, कम्पनी रजिष्ट्रारको कार्यालय, काठमाडौंमा दर्ता रही काठमाडौं जिल्ला, काठमाडौं महानगरपालिका, वार्ड नं. ७ चावहिलमा अवस्थित रजिष्टर्ड कार्यालय रहेको केयर मार्टस इन्टरनेशनल प्राइभेट लिमिटेड (कम्पनी दर्ता नं. प्रा. लि. नं. १२९५४०/०७१/०७२) को तर्फबाट अधिकार प्राप्त प्रबन्ध सञ्चालक/अध्यक्ष श्री पासाङ लामा (यसपछि पहिलो पक्ष भनिनेछ) तथा .............................. को नाति/नातिनी ........................................................................ को छोरा/छोरी ............................ जिल्ला ........................................ पालिका वडा नं. ............ बस्ने वर्ष.............. को ............................................................................ यस (पछि दोस्रो पक्ष भनिनेछ) हामी दुई पक्ष बीच तपसिलमा लेखिएका शर्तहरु पालना गर्ने काम, कर्तव्य, अधिकार, जिम्मेवारी पुरा गर्ने एवं सेवा सुविधा दिने पाउने गरी राजीखुशीका साथ किनाराका साक्षीका रोहवरमा प्रथम पक्षको रजिष्टर्ड कार्यालय, काठमाडौंमा बसी वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन थाप नियमन गर्ने) ऐन, २०७४ को दफा १४ एवं बस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने) नियमावली, २०७६ को नियम ९ बमोजिम यो संझौता पत्रको ३ प्रति तयार गरी सहिछाप गरी १ प्रति प्रथम पक्षलाई बस्तुको प्रत्यक्ष बिक्री गर्ने इजाजत प्रदान गर्ने वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभागमा समेत बुझाउने गरि दुबै पक्षले १/१ प्रति बुझि लियौ दियौ ।

## १. प्रथम पक्षले पालना गर्नुपर्ने शर्तहरु

क) यस सम्झौता पत्रमा उल्लेखित शर्तहरु तथा वस्तुको प्रत्यक्ष विक्री (व्यवस्थापन तथा नियमन गर्ने ) ऐन २०७४ तथा नियमावली, २०७६ र निर्देशिका २०७८ का प्रावधानहरुको बारेमा एवं उपभोक्ताको हित संरक्षणका लागि दोस्रो पक्षलाई तालिम एवं क्षमता विकासका अन्य माध्यमबाट प्रतिक्षित गराउनु पर्नेछ ।

ख) दोस्रो पक्षको मागका आधारमा बिक्री वितरण गर्ने वस्तु यथोचित समय मै उपलब्ध गराउनु पर्नेछ ।

ग) उपरोक्त "ख" बमोजिमका वस्तुहरुको मुल्य सहितको अभिलेख चुस्त दुरुस्त राख्नु पर्नेछ । यस संम्बन्धी विवरण वस्तुको प्रत्यक्ष बिक्री (व्यवस्थापन तथा नियमन गर्ने) ऐन २०७४, नियमावली, २०७६ तथा निर्देशिका २०७८ बमोजिमको ढाँचा र समय सिमा भित्र वाणिज्य, आपुर्ति तथा उपभोक्ता संरक्षण विभाग समक्ष पेश गर्नु पर्नेछ !

घ) विक्रेता/वितरक एवं उपभोक्तालाई समयसिमा तोकी वस्तु विक्री वितरण वा उपभोग गर्नैपर्ने गरि परिमाण/मात्रा तोक्न पाइनेछैन ।

ङ) दोस्रो पक्षलाई बिक्री वितरण गरेको र गराएको वस्तुको बिक्री परिमाण (sales Volume) का आधारमा निम्न बमोजिमको रकम कमिसन वा बोनस वा छुट वा अन्य सेवा सुविधा स्वरुप उपलब्ध गराउनु पर्नेछ ।(दोस्रो पक्षले विक्री-वितरण गर्ने प्रत्येक बस्तुहरुको विक्रीको हिसाव तथा कमिशन बाँडफाँट गर्ने उक्त वस्तुको मुल्यमा रु. १०० बराबर १ Product Point (PP) निर्धारण गरिनेछ ।

१) वस्तु विक्री वितरण गर्दा खुद्रा विक्री छुट ( Retail Discount) वापत वस्तुको प्रकृति हेरी (५% देखि ५०%) प्रतिशत खुद्रा विक्री छुट पाउनेछ ।

२) फष्ट डेमोस्टेशन (एफिलिएट) (Demostration Commission) (२०-५०)%:
योग्यताः अर्को विक्रेता/वितरकले बस्तुको विक्री वितरण गरे-गराएकोमा एक पटक (२०-५०)% सम्म Demo (Sponsor) कमिशन प्राप्त गर्नेछ ।

३) सेल्स कमिशन (Sales commission) (१०-५५)%
योग्यताः देहाय तपसिल बमोजिमको विक्रेता/वितरकहरुले वस्तुको विक्री वितरण गरी, गराई कम्पनिको कम्पेनसेसन मार्केटीङ्ग प्लान (बजारीकरण योजना) बमाजिम, प्रस्तुत तालिकामा र अनुसुची १ बमोजिम उल्लेख गरेको योग्यता, कुल विक्री परिमाण र न्यूनतम विक्री परिमाण पुरा गरे-गराएको वापत कमिसन, बोनस र सेवा सुविधा प्राप्त गरिने छ । साथै प्रोडक्ट पोइन्ट (भौचर) पनि प्राप्त हुनेछ ।

| विक्री योग्यता | विक्रेता/वितरकहरु | योग्यता | | बोनस | आफ्नो मासिकयोग्यता | पि.जी. पी.पी योग्यता | कम्पनि डनोपर |
|---|---|---|---|---|---|---|---|
| १० PP/APPP | ब्रोन्ज | - | - | - | - | - | |
| ५० PP/APPP | सिलभर | - | १० PP | - | - | - | |
| १०० PP/APPP | गोल्ड | - | १० PP | - | ५००/५००PP/M250PP+250pp | - | (१५+५+५)/M |
| २०० PP/APPP/1000AGPP | रुवी | २ गोल्ड | १० PP | २०% | ५००/५००PP/M250PP+250pp | - | (१५+५+५)/M |
| ६,००० AGPP (200 APPP) | प्लाटुनम डाइरेक्टर | २ रुवि | १५ PP | २६% | ६००/६००PP/M250PP+250pp | - | (१५+५+५+५)/M |
| २५,००० AGPP (200 APPP) | डाइमण्ड डाइरेक्टर | २ प्लाटुनम | २० PP | ३२% | १०००/१०००PP/M250PP+250pp | ३००PGPP | (१५+५+५+५+५)/M |
| ७५,००० AGPP(200 APPP) | डबल डाइमण्ड डाइरेक्टर | २ डाइमन्ड | ३० PP | ३८% | २०००/२०००PP/M250PP+250pp | ३००PGPP | (१५+५+५+५+५+५)/M |

नोटः योग्यता १ PP = रु १०० हुनेछ ।

| बिक्री योग्यता | विक्रेता/वितरकहरु | योग्यता | | बोनस | आफ्नो मासिकयोग्यता | पि.जी. पी.पी योग्यता | कम्पनि डनोपर |
|---|---|---|---|---|---|---|---|
| २,००००० AGPP(200 APPP) | त्रिपल डाइमण्ड डाइरेक्टर | २ डि डाइमन्ड | ५० PP | ४४% | ३०००/३०००PP/M250PP+250pp | ६००PGPP | (१५+५+५+५+५+५+५+३)/M |
| ४,००००० AGPP(200 APPP) | एम्वेसडर | २ त्रि डाइमन्ड | ५० PP | ४७% | 50 k pp: 50 k pp yearly /M250PP+250pp | १०००PGPP | २% वार्षिक |
| ६,००००० AGPP(200 APPP) | होनररी क्राउण्ड प्रिसिडेण्ट | २ एम्वेसडर<br>१ प्याट्नम | ५० PP | ५०% | 100 k pp: 100 k pp yearly/M250PP+250pp | १०००PGPP | २% वार्षिक |

४ यूनिलेवल बोनस १०%

योग्यताः ब्रोन्ज वितरक भन्दा माथिका वितरकहरुले आ-आफ्नो तोकिएका मासिक/वार्षिक विक्रि परिमाण (Sales Volume) पुरा गरे-गराइएको बापत प्राप्त कमिसन वा बोनस आम्दानीको १० प्रतिशत मासिक रुपमा रुपमा प्राप्त गर्न सकिनेछ ।

५ अवार्डस् (Awards)

मोवाइला फोन, ल्यापटप, मोटरबाईक, टुर्, कार, घर भिल्ला र नगद मार्केटीङ्ग प्लान अनुसार विक्री परिमाण पुरा गरेमा एक अवाड १ पटक प्राप्त गर्न सकिनेछ ।

**२. दोस्रो पक्षले पालना गर्नुपर्ने शर्तहरुः**

क) पहिलो पक्षले वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागबाट अनुमति पाएका बस्तुहरु मात्र विक्री वितरण गर्नु पर्नेछ ।

ख) प्रथम पक्षबाट बिक्री वितरणका लागि वस्तु प्राप्त गर्दा नगद तिरेर लिनु पर्नेछ । नगद तिर्न असमर्थ भएमा १५ दिन भित्र रकम भुक्तान गरि हिसाव फरफारक गरिसक्नु पर्नेछ ।

ग) उपरोक्त “क” बमोजिम वस्तुको विक्री वितरण गर्दा विक्री गरिने वस्तुको बारेमा ग्राहक/उपभोक्तालाई जानकारी गराई राजीखुशीले मात्र खरिद गर्नका लागि प्रोत्साहित गर्नु गराउनु पर्नेछ ।

घ) उपभोक्तालाई भ्रम पार्ने वा कुनै प्रकारले अनुचित प्रभावमा पार्ने कार्य गर्न पाउने छैन । त्यस्तो कार्य गरेमा कारबाहीको भागीदार हुनुपर्ने छ ।

ङ) उपरोक्त “ग” विपरितको कार्य गरेमा सो कुराको जानकारी तुरुन्त प्रथम पक्षलाई गराउनु पर्नेछ ।

च) ग्राहक वा उपभोक्ताले खरिद गर्न चाहेको वस्तु निजले प्राप्त नगरेसम्म उक्त वस्तुको मुल्य वापतको रकम असुल गर्नु हुदैन ।

छ) उपरोक्त “क” बमोजिम बिक्री वितरण गरेको र गराएको वस्तुको कुल विक्री परिमाण (Total sales Volume) आ-आफ्नो व्यक्तिगत बिक्री योग्यता पुरागरेको आधारमा कम्पनीको व्यापारिक बजारीकरण योजना (Business Marketing Plan A/B/C) बमोजिम कमिंसन, बोनस तथा अन्य सेवा सुविधाहरु प्राप्त हुनेछन् ।

ज) वितरक/विक्रेताले केयर मार्टस इन्टरनेशनल प्रा. लि.को जारी आचार-संहिता, निति-नियम र शर्त तथा बन्देजहरु पालना गर्नुपर्नेछ ।

**३. समग्र शर्तहरुः**

१) उल्लेखित शर्तहरु सकरात्मक व्याख्या गरी इमानदारीपुर्वक पालना गर्नु दुबै पक्षको कर्तव्य हुनेछ । दुबै पक्षको सहमती तथा वाणिज्य, आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको स्विकृतिमा लिखित रुपमा मात्र परिवर्तन गर्न सकिने छ ।

२) दोस्रो पक्षले वस्तुको विक्री वितरण गर्ने कार्यक्षेत्र नेपाल भरी हुनेछ ।

३) प्रथम पक्षबाट उपलब्ध वस्तु विक्री कक्षसम्म पुर्याउँदा लाग्ने ढुवानी भाडा प्रथम पक्षले व्यहोर्नेछ ।

४) यो सम्झौताको अवधि २ वर्ष सम्म कायम हुनेछ । उक्त अवधी समाप्त नहुदै सम्झौता भंग गर्नुपर्ने अवस्थामा भंग गर्न चाहने पक्षले अर्को पक्षलाई ३५ दिन अगावै जानकारी दिनुपर्नेछ । यसै ३५ दिनको अबधि भित्र दुई पक्ष वीचको जिन्सी वा नगद लेनदेनको हिसावकिताब फरफारक गरिसक्नु पर्नेछ ।

५) वस्तुको प्रत्यक्ष बिक्री सम्बन्धी वाणिज्य विभागले समय समयमा दिने निर्देशनको पुर्ण पालना गर्नु दुवै पक्षको कर्तव्य एवं जिम्मेवारी हुनेछ ।

६) दुई पक्ष विच कुनै विवाद भएमा प्रथम चरणमा आपसी सहमतीमा विवाद समाधान गरिनेछ । दुई पक्ष विच सहमति कायम हुन नसकेमा द्रोस्रो चरणमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागको मध्यस्थतामा समाधानको प्रयास गरिनेछ । दोस्रो चरणको प्रयासमा पनि विवाद समाधान हुन नसकेमा वाणिज्य आपूर्ति तथा उपभोक्ता संरक्षण विभागले गरेको निर्णयानुसार हुनेछ ।

७) यस सम्झौतामा उल्लेखित कुराहरु यसै बमोजिम र उल्लेख नभएका कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ र अन्य थप आचार सहिता र सर्तहरु हुनेछ ।

Care Marts International Pvt. Ltd. CARE Kathmandu

..................

पासाङ लामा

प्रबन्ध सञ्चालक/ अध्यक्ष

(प्रथम पक्षको तर्फबाट)

..........................

..............................

(दोश्रो पक्षको तर्फबाट)

सांक्षीहरु

१. .......................... जिल्ला ............................ पालिका वडा नं. .................... बस्ने वर्ष ................ को ..........................................

२. .......................... जिल्ला ............................ पालिका वडा नं. .................... बस्ने वर्ष ................ को ..........................................

इति सम्वत ... साल ... महिना ... गते रोज ... शुभम्